लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

ईमेल- akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्या: २०८०/०८१
च. नं.:

गैडहवा गाउँपालिका
दर्ता नं. १५६८
दर्ता मिति २०८१/०१/१६

## प्रस्ताव आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०१/१६

कृषि ज्ञान केन्द्र, रुपन्देहीको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीज बृद्धि कार्यक्रम, हिउँदे/वर्षे फलफूल विरुवा वितरण र मागमा आधारित कृषि यन्त्र उपकरण वितरण कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १० (दश) दिन (मिति २०८१/०१/२५ गते) भित्र यस कार्यालयमा उल्लिखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात तथा कृषि बिकास कार्यक्रम संचालन कार्यविधि,२०८० यस कार्यालयको सूचनापाटी वा वेवसाईट rupandehi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७१-५९०१३० मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क. स. | कार्यक्रमहरूको नाम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| २ | हिउँदे/वर्षे फलफूल विरुवा वितरण | • कार्यालयबाट विभिन्न जातका उन्नत/वर्णशङ्कर फलफूल विरुवा खरिद, ढुवानी र वितरण,<br>• रेखाङ्कनमा सहयोग, बगैचा व्यवस्थापनका लागि कार्यालयबाट प्राविधिक सेवा सहयोग। | • उन्नत/वर्णशङ्कर जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्न ईच्छुक कृषक/कृषक समूह /सहकारी/उद्यमी हुनुपर्ने,<br>• सामूहिक वा एकल रूपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नुपर्ने,<br>एक चक्लामा कम्तीमा ५ कठ्ठा लगाउनु पर्ने। | रुपन्देही जिल्लाभरी | कृषक/कृषक समूह /सहकारी/उद्यमी | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>विनियोजित वजेटको परिधिमा रहि शतप्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउने। |

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन । (अनुसूची ३५ बमोजिम)
२. दर्ता /नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रम प्रकृति अनुसार)(अनुसूची ३७ बमोजीम) र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान ।
१०. पुर्वाधारको निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र
११. अनुसूची ४२ अनुसार दोहोरो अनुदान नलिएको स्वःघोषणा ।

**पुनश्च :** थप जानकारीको लागि सूचना अधिकारीको मो.नं.९८५७०५२९२९ वा कार्यालय प्रमुखको सम्पर्क नं.९८५७०५२९२८ मा गर्न सकिने छ ।

शिव प्रसाद अर्याल
प्रमुख
कृषि प्रसार निर्देशक
(अधिकृतस्तर सुब्बा)